# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

**पत्र संख्याः**
**च.नं.**

**मितिः २०७५।१२।१३**

श्री प्रमुखज्यू,
औरही नगरपालिका,
महोत्तरी ।

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन</u>** ।

यस कार्यालयबाट औरही नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९३ लाख २१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ३४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ लाख ३६ हजार र पेश्की रु.२३ लाख ३५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# औरही नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत ९ वडा, ५० सभा सदस्य रहेका छन् । ३५.७६ व.की.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या ३१७५१ रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।७५ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १०६४८७३५०.४८ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | ११७८११९९१.०० |
| | ख) बैंक | **६४८४३७८.३४** | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| | ग) धरौटी खाता | ० | | क) ऋण भुक्तानी | ० |
| | घ) कर्मचारी कल्याण कोष खाता | ० | | ख) ब्याज भुक्तानी | ० |
| २ | विपत कोष खाता गत वर्ष | ० | | ग) अन्य भुक्तानी | ० |
| ३ | मर्मत सम्भार कोष खाता | ० | | | ० |
| ४ | **राजस्व (आन्तरिक आय)** | ० | ४ | **लगानी** | ० |
| | क) आन्तरिक राजस्व | **५८०७४१.००** | | ऋण लगानी | ० |
| | ख) राजस्व बाँडफाँड | ० | | शेयर लगानी साझा यातायात | ० |
| | ग) अन्य आय | ० | | अन्य लगानी | ० |
| ५ | **वित्तीय हस्तान्तरण** | ० | ५ | **लागत सहभागिताको रकम फिर्ता** | **५२३५४७५.००** |
| | क)वित्तीय समानीकरण अनुदान | १७५०२९०००.०० | ६ | **कोष खर्च (निकासा फिर्ता)** | **१०१०१५८०.००** |
| | ख) सशर्त अनुदान | ५६०८९०००.०० | | अर्थ वजेट | ० |
| | ग) समपुरक अनुदान-सडक वोर्ड नेपाल | ० | | | ० |
| | घ) अन्य निकासा | ० | ७ | **मौज्दात** | ० |
| ६ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | क) नगद मौज्दात | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ० | | ख) बैंक मौज्दात | **६६४२८७०२.३६** |
| | ख) सशर्त अनुदान | ० | | ग) धरौटी खाता | ० |
| | ग) समपूरक अनुदान | ० | | | ० |
| | घ) विशेष अनुदान | ० | | | ० |
| ७ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | | | ० |
| ८ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | | | ० |
| ९ | **विभिन्न कोष खाता** | ० | | | ० |
| १० | **जनसहभागिता (नगद)** | **५६५७७३४.५०** | | | ० |
| ११ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | ० |
| १२ | **धरौटी आय** | १५२०००.०० | | | ० |
| १३ | **सामाजिक सुरक्षा भत्ता** | ४५०१२०००.०० | | | ० |
| १४ | **बहुक्षेत्रीय पोषण कार्यक्रम** | १२०७०००.०० | | | ० |
| १५ | **किशोरी शिक्षा कार्यक्रम** | १०२४०००.०० | | | ० |
| १६ | **LGCDP** | १०६००००.०० | | | ० |
| १७ | **जि.प्र.का. बाढी पिडित राहत** | ५०२५०००.०० | | | ० |
| १८ | **गत आ.व.को पेश्की फछ्यौट** | ८७४४२४५.०० | | | ० |
| | **जम्मा** | **३०६०६५०९८.८४** | | **जम्मा** | **३०६०६५०९८.८४** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ चैत्र ३० गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● नगरपालिकाले यो वर्ष अन्तर्गतका ९ वटा वडामा कुल ७३ योजनामा रु.४ करोड ५९ लाख ८१ हजार छुट्याएको र नगरस्तरीय योजनातर्फ ६४ योजनामा रु.५ करोड ८१ लाख छुट्याएको छ ।<br>● सशर्त अनुदानमा स्वास्थ्य, शिक्षा, पशु र कृषि विकासको लागि प्राप्त भएको रु. ५,६०,८९,०००।- सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ ।<br>● समग्रमा नगरपालिकाले रु.३५,०४,७५,३७०।- को आय-व्ययको अनुमान गरेको देखिन्छ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय-व्ययको प्रक्षेपण २०७४ चैत्र ३० मा सभाबाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । नगरपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने देखिन्छ । | |
| ४. | **सेवा प्रवाहको स्थिति** - यस वर्ष नगरपालिकाबाट प्रवाह भएका पञ्जिकरण, सिफारीस, घरजग्गा नक्सा पास लगायत कार्यको एकिकृत अभिलेख नगरपालिकाबाट उपलब्ध हुन सकेन । नगरपालिकाले आफूले उपलब्ध गराउने सेवा प्रवाह सम्बन्धि एकिकृत अभिलेख तयार गर्नुपर्दछ । | |
| ५. | **कानुन निर्माण र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् : | |

| सि.नं. | कानुनको नाम |
|---|---|
| १. | औरही नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धि कार्यविधि, २०७४ |
| २. | आयोजना सञ्चालन कार्यविधि, २०७४ |
| ३. | आर्थिक ऐन, २०७५ |
| ४. | विनियोजन ऐन, २०७५ |
| ५. | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

**६.** **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठूला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साथै नगरपालिकास्तरिय योजना छनौट नगरी अवण्डा रकमबाट कार्यपालिकाको निर्णयको आधारमा योजना छनौट गरी कार्यान्वयनमा ल्याएको पाइयो । साना, ठूला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**७.** **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले विनियोजन गरेको आय-व्यय अनुमानको स्थिति निम्नानुसार देखिएको छ :

**शीर्षक वाइज निकासा खर्चको स्थिति**

| सि.नं. | कार्यक्रमको नाम | वजेट | निकासा | खर्च | वाँकी |
|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १७५०२९००० | १७५०२९००० | १३७७३१५९२ | ३७२९७४०८.०० |
| ३ | आन्तरिक स्रोत | ५८०७४१.०० | ०.०० | ०.०० | ५८०७४१.०० |
| ५ | सशर्त अनुदान | ५६०८९००० | ५१०८७४२० | ४७२८५०४७.५० | ३८०२३७२.५० |
| ६ | किशोरी शिक्षा कार्यक्रम | १०२४००० | १०२४००० | ६९०१०० | ३३३९००.०० |
| ७ | सामाजिक सुरक्षा | ४००१२००० | ४००१२००० | ३२३३५००० | ७६७७०००.०० |
| ८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १२०७००० | १२०७००० | १२०७००० | ०.०० |
| ९ | LGCDP | ९६०००० | ९६०००० | ८१६६०२ | १४३३९८.०० |
| | **जम्मा** | **२७४९०१७४१** | **२६९३१९४२०** | **२२००६५३४१.५** | **४९८३४८१९.५** |

**८.** **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुर्फने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगरप्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

**९.** **वित्तीय प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगर स्तरीय तथा वडा स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । नगरपालिकाको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ :

| सि.नं. | कार्यक्रम | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १७५०२९००० | १३७७३१५९२ | ७८.६९ |
| २ | सशर्त अनुदान | ५१०८७४२० | ४७२८५०४७.५० | ९२.५६ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | |
| १०. | **कार्यक्रम तथा योजना संशोधन** - आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । नगरपालिकाको २०७४ चैत्र ३० गतेको सभावाट वडा नं.१ देखि ९ सम्म स्वीकृत भएकामध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर गर्ने तथा संशोधन गरी कार्यसम्पन्न गरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण प्रक्रिया उपयुक्त देखिएन । काबु बाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना पछिल्लो सभाले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ । | |
| ११. | **योजनागत लक्ष्य प्रगति** - नगरपालिकाले नगरसभाबाट यस आ.व. मा कुल १३७ योजना स्वीकृत गरेकोमा ९९ योजना सम्पन्न गरेको, १४ योजनामा शुन्य प्रगति रहेको तथा २४ योजनामा उपभोक्ता समिति सँग सम्झौता नै हुन नसकेको देखियो । कार्यालयले न्यून प्रगतिको कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगति हासिल गर्न अग्रसर हुनुपर्दछ । | |
| १२. | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगततर्फ प्रथम चौमासिकमा १२.२८ प्रतिशत अर्थात रु. २ करोड ७५ लाख ५० हजार, दोस्रो चौमासिकमा ६.७३ प्रतिशत अर्थात रु. १ करोड ५० लाख ७१ हजार र तेश्रो चौमासिकमा ८०.९१ प्रतिशत रु. १८ करोड १६ लाख १९ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको ५७.८० प्रतिशत अर्थात रु. १२ करोड ९६ लाख १५ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । **(रु. हजारमा)** | |

| व.उ.शी.नं. | कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोश्रो | तेश्रो | |
| ८११२५८४ | वित्तिय समानिकरण पूँजीगत | २२४२४० | २७५५० | १५०७१ | १८१६१९ | १२९६१५ |
| | **खर्च प्रतिशत** | **१००** | **१२.२८** | **६.७३** | **८०.९९** | **५७.८०** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १३. | **एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप स्रोत पहिचान गरी कारोबारमा समेटनु पर्दछ । | |
| १४. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १५. | **आन्तरिक आय सम्वन्धमा :** कार्यालयले यो वर्ष रु. ५,८०,७४१।- आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका ९ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले पालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अतः आगामी दिनमा कार्यालयले पालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा(पालिका) पठाउने र पालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| १६. | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ बमोजिम नगरपालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकामा समाहित भएका साबिकका नगर विकास समिति, नगरपालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन । नगरपालिकाले एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १७. | **सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालीन नगर विकास समिति तथा नगरपालिकाको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी नगरपालिका अन्तर्गत ल्याइनु पर्दछ । | |
| १८. | **आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १९. | **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले अन्तिम लेखापरीक्षण अवधि सम्म पनि ऐनको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २०. | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार सञ्चालनमा ल्याइनु पर्दछ । | |
| २१. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा भएको व्यवस्था वमोजिम कल्याण कोषको स्थापना गरेको देखिएन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| २२. | **कन्टेजेन्सी खर्च** - आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये ३ प्रतिशत कन्टेन्जेन्सी कट्टी गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा कार्यालयले कन्टेन्जेन्सीको खाता व्यवस्थित गरी अभिलेख नराखेबाट कन्टेन्जेन्सी तर्फको आम्दानी र खर्च रकम यकिन गर्न सकिएन । | |
| २३. | **तलबी प्रतिबेदन** - स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४. | **वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट तय गरेको देखिएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना बनाएको देखिएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान सञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| २५. | **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सोनामाई मन्दिर, हनुमान मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| २६. | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउंदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| २७. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७४।१२।३० मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| २८. | **विशेष भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट नगरसभा तयारीको लागि प्रमुख प्रशासकिय अधिकृत समेत ३ कर्मचारीलाई १ महिनाको तलब वरावरले हुने प्रोत्साहन भत्ता वापत रु. ९०,७३२।- खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि बिना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको नियमसम्मत नदेखिएको, रु........................................ | ९०७३२/- |
| २९. | **सेवा सुविधा :** २ नं. प्रदेश सरकारले प्रमाणिकरण गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ३, ४, ६ र | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ७ संग सम्बन्धित नगरपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि खर्च विवरण अनुसार यस वर्ष नगरपालिकाले रु.३२,००,०००/- भुक्तानी गरेको छ । | |
| ३०. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३१. | **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगाएतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधीत कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ । | |
| | **आन्तरिक आयतर्फ** | |
| ३२. | **आन्तरिक आयः** कार्यालयले यस वर्ष आन्तरिक आयतर्फ रु.५,७१,६६४।- आम्दानी गरेको छ । उक्त रकम कुन वडाको कुन शीर्षक बापतको कति रकम हो नखुलाई एकमुष्ठ बैंकको बैंक स्टेटमेन्टको आधारमा आम्दानी गरेबाट कुन वडा कार्यालयले मालपोत तथा पंजीकरण बापत कति राजश्व आम्दानी गरे मध्ये कति रकम बैंक दाखिला गरेको हो नखुलेबाट राजश्व बापत प्राप्त आम्दानी यकिन गर्न सकिने अवस्था छैन । | |
| ३३. | **ढिला नगद दाखिला** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा नगदी दाखिला तथा लेखा राख्ने व्यवस्था भएको छ । उक्त दफाको उपदफा ४ अनुसार कार्यालयमा प्राप्त नगदी रकम सोही दिन वा त्यसको भोली पल्ट यथास्थानमा दाखिला हुनुपर्नेमा सो अनुसार नभएमा तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना, १५ दिनसम्म ढिला दाखिला गरेको भए १५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिला दाखिला गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गत ९ वटा वडा कार्यालयहरुले मालपोत तथा पंजीकरण सिफारिस बापतको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयभित्र बैंक दाखिला गर्ने गरेको छैन । कार्यालयले आर्जन गरेको राजस्व रकम १ महिनाभन्दा बढी समय पश्चातमात्र राजस्व बैंकमा रकम जम्मा गर्ने गरेको देखियो । कार्यालयमा प्राप्त रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्रै दाखिला गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३४. | **रसिद नियन्त्रण खाता नराखेको** - कार्यालयले तथा अन्तर्गतका वडा कार्यालयहरुलाई राजस्व आर्जन गर्न नगदी रसिद स्टोर शाखाबाट वितरण गरेकोमा स्टोर शाखामा कति नगदी रसिद छापेर कुन कुन नम्वरका रसिद प्राप्त भयो सो देखिने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । | |
| | **कृषि शर्शत अनुदान तर्फ** | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३५. | **नपाउने भत्ता खर्च लेखेको** - करारका कर्मचारीलाई भत्ता रकम भुक्तानी दिन नमिल्नेमा ना.प्रा.स.मुना पराजुलीलाई २०७४ श्रावणदेखि २०७४ फागुनसम्मको तलव खर्च भुक्तानी गर्दा मासिक रु.१०००।- भत्ता रकम समेत भुक्तानी गरेबाट नपाउने भत्ता खर्च लेखेको रकम रु.८,०००।- असुल गर्नुपर्ने रु. ------------------------------------------------ | ८०००/- |
| ३६. | **लागत सहभागिता** - कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत लागत सहभागिताको आधारमा निर्माण सम्झौता गरे अनुसार उपभोक्ता समितिबाट प्राप्त भएको लागत सहभागिता रकम सञ्चित कोषबाट पूँजीगत खातामा रकम ट्रान्सफर गरी खर्च लेख्नुपर्नेमा उक्त रकम धरौटी खातामा ट्रान्सफर गरी लागत सहभागिता प्राप्त भएकोमध्ये रु.५२,३५,४७५।- आर्थिक वर्षको अन्तसम्ममा उक्त रकम मौज्दात रहेको छ। | |
| ३७. | **व्यक्तिगत धरौटी खाता नराखेको** - आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार कार्यालयमा प्राप्त भएको धरौटी रकम तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ । कार्यालयले यस वर्ष धरौटी बापत प्राप्त गरेको रकम र लागत सहभागिता बापत प्राप्त रकमको व्यक्तिगत धरौटी खाता राखेको छैन । कार्यालयले नियमावलीमा भएको व्यवस्था अनुसार व्यक्तिगत धरौटी खाता राखी अभिलेख अद्यावधिक गर्नु पर्दछ। | |
| | **वित्तीय समानिकरण अनुदान पूँजीगत तर्फ** | |
| ३८. | **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८, ८९ र ९० अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानीमा तोकिएको प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निम्नानुसारको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्न छुट भएको वा घटि कट्टा गरेको रु. १६,२८,०५१।- असुल गरी दाखिला गर्नुपर्ने देखिएको, रु. ............................ | १६२८०५१/- |

| भौ.नं. र मिति | वडा नं. | भुक्तानी भएको पार्टी | वापत | भुक्तानी रकम | छुट कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १०८-०७५/२/३१ | ६ | हरिनारायण यादव | सिमेन्ट ढुवानी | ४०००० | ४००० | भरपाई मात्र गरी भुक्तानी |
| १०८-०७५/२/३१ | ६ | कविरमान राना | ट्रिपरबाट वालुवा/ग्रावेल ढुवानी | ८१०००० | ८१००० | भरपाई मात्र गरी भुक्तानी |
| १०८-०७५/२/३१ | ६ | कविरमान राना | वालुवा/गिट्टी/ढुङ्गा ढुवानी | १६९९२०० | १६९९२० | भरपाई मात्र गरी भुक्तानी |
| १०९-०७५/३/१ | ८ | घनश्याम झा | मिक्सर मेशिन भाडा | १००००० | १०००० | भरपाई मात्र गरी भुक्तानी |
| ९१-०७५/२/२८ | ६ | प्रमेश कुमार महतो | ट्रिपरबाट वालुवा/ग्रावेल ढुवानी | ७०४५०० | ७०४५० | भरपाई मात्र गरी भुक्तानी |
| ९१-०७५/२/२८ | ६ | कविरमान राना | ट्रिपरबाट वालुवा/ग्रावेल ढुवानी | १७६३००० | १७६३०० | भरपाई मात्र गरी भुक्तानी |
| १३४-०७५/३/१४ | ४ | श्याम किशोर सिंह | जे.सि.वी. भाडा | ६३३७६९ | ९२२७ | भरपाई मात्र गरी भुक्तानी |
| १३८-०७५/३/१८ | ५ | सन्तोष कुमार मण्डल | मिक्सर मेशिन भाडा | २८०५०० | २८०५० | भरपाई मात्र गरी भुक्तानी |
| १३८-०७५/३/१८ | ५ | संजय कुमार यादव | ट्रिपरबाट वालुवा/गिट्टी ढुवानी | १०३५०० | १०३५० | भरपाई मात्र गरी भुक्तानी |
| १३८-०७५/३/१८ | ५ | मो. खलिल रायन | ट्रिपरबाट वालुवा/गिट्टी ढुवानी | २८०००० | २८००० | भरपाई मात्र गरी भुक्तानी |
| १७६-०७५/३/२७ | ६ | कविरमान राना | ट्रिपरबाट वालुवा/गिट्टी ढुवानी | ८८९२०० | ८८९२० | भरपाई मात्र गरी भुक्तानी |
| १७७-०७५/३/२७ | ५ | मो.इसराइल राइन | ट्रिपरबाट वालुवा/गिट्टी ढुवानी | १८६५७० | १८६५७ | भरपाई मात्र गरी भुक्तानी |
| १७८-०७५/३/२७ | ५ | मो. खलिल राइन | ट्रिपरबाट वालुवा/गिट्टी ढुवानी | ३४७००० | ३४७०० | भरपाई मात्र गरी भुक्तानी |
| २२०-०७५/३/३१ | ८ | विजय राय यादव | ट्रिपरबाट ग्रावेल ढुवानी | ३५२००० | ३५२०० | भरपाई मात्र गरी भुक्तानी |
| २२०-०७५/३/३१ | ८ | राम आश्रे यादव | ट्रिपरबाट ग्रावेल ढुवानी | २८८००० | २८८०० | भरपाई मात्र गरी भुक्तानी |
| २२०-०७५/३/३१ | ८ | मनोहर यादव | ट्रिपरबाट ग्रावेल ढुवानी | ३८४००० | ३८४०० | भरपाई मात्र गरी भुक्तानी |
| २२५-०७५/३/३१ | १ | दिनेश राउत | वालुवा/गिट्टी/ढुङ्गा/ग्रावेल ढुवानी | ५६४३८० | ५६४३८ | भरपाई मात्र गरी भुक्तानी |
| २३१-०७५/३/३१ | ४ | राम हलगर यालव | ट्रिपरबाट ग्रावेल/माटो ढुवानी | ७१८०३२ | ७१८०३ | भरपाई मात्र गरी भुक्तानी |
| २३२-०७५/३/३१ | १ | नथुनी यादव | वालुवा/गिट्टी/ढुङ्गा/ग्रावेल ढुवानी | १३५४३६ | १३५४४ | भरपाई मात्र गरी भुक्तानी |
| २४३-०७५/३/३२ | ४ | मिथिला फिक्स ईटा उद्योग | डोजर भाडा/ईटाको टुक्रा ढुवानी | २२०००० | २२००० | भरपाई मात्र गरी भुक्तानी |
| २४३-०७५/३/३२ | ४ | शिव शंकर कन्स्ट्रक्सन | वालुवा/गिट्टी/ढुङ्गा/ग्रावेल ढुवानी | ५१६००० | ५१६०० | भरपाई मात्र गरी भुक्तानी |
| २४३-०७५/३/३२ | ४ | शिव शंकर कन्स्ट्रक्सन | जे.सि.वी. भाडा | ३१५०० | ३१५० | भरपाई मात्र गरी भुक्तानी |
| २४३-०७५/३/३२ | ४ | एम ए डब्लु अर्थमेस प्राली | रोलर भाडा | ३६००० | ३६०० | भरपाई मात्र गरी भुक्तानी |
| २४४-०७५/३/३२ | नपा | वृजकिशोर यादव | एक्साभेटर भाडा | २७२१७२१ | २७२१७२ | भरपाई मात्र गरी भुक्तानी |
| २४९-०७५/३/३२ | ९ | रामशरण मण्डल | जे.सि.वी. भाडा ३४९ घण्टा | १३९६००० | १३९६०० | भरपाई मात्र गरी भुक्तानी |
| २८०-०७५/३/३२ | २ | जयसंद अन्सारी | ट्रिपरबाट वोल्डर, वालुवा ढुवानी | २१४००० | २१४०० | भरपाई मात्र गरी भुक्तानी |
| २८०-०७५/३/३२ | २ | दिगम्बर चौधरी | जे.सि.वी. भाडा | १०००० | १००० | भरपाई मात्र गरी भुक्तानी |
| २८१-०७५/३/३२ | २ | भगत चौधरी | वालुवा/गिट्टी/ढुङ्गा/ग्रावेल ढुवानी | १००००० | १०००० | भरपाई मात्र गरी भुक्तानी |
| २८५-०७५/३/३२ | २ | विनोद यादव | वालुवा/गिट्टी/ढुङ्गा/ग्रावेल ढुवानी | १२९७७०० | १२९७७० | भरपाई मात्र गरी भुक्तानी |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा १६८२२००८ १६२८०५१ | |
| ३९. | **कर विजक** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको कार्य वापत विभिन्न फर्मलाई कर बीजकबाट रु. १२,३९,७७३।- मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत लामो समयदेखि Non Filer रहेको तथा विजक नम्वर हातले लेखेको लगायतका कैफियत देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु. ........................................... | १२३९७७३/- |

| भौ.नं./मिति | फर्म | पान | विजक नं. | बिल रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १३२-०७५/३/१४ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १५०, १५१, १५३, १५४ (मिति ०७५।२।७-८ गते सम्म) | ४२८६२०० | ५२७२०६ | ०७५ जेष्ठ देखि NonFiler |
| २३१-०७५/३/३२ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १७१-०७५/३/१ | ४४३६२२ | ५७६७० | ०७५ जेष्ठ देखि NonFiler |
| २४१-०७५/३/३२ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १५६-०३७५/३/५ | ९९००० | १२८७० | ०७५ जेष्ठ देखि NonFiler |
| २३५-०७५/३/३२ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १६९-०७५/३/१५ | ७५०००६ | ९७५०० | ०७५ जेष्ठ देखि NonFiler |
| २३५-०७५/३/३२ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १७०-मिति नभएको | ७७६४४७ | १००९३८ | ०७५ जेष्ठ देखि NonFiler |
| २३५-०७५/३/३२ | जनज्योती कन्स्ट्रक्सन | ६०१४१२३६९ | १६८-०७५/२/१५ | १६७४४०० | २१७६७२ | ०७५ जेष्ठ देखि NonFiler |
| २६०-०७५/३/३२ | JC Trading Concern | ६०६३७७३५१ | ३५-०७५३/१२ | ४२०००० | ५४६०० | विजक हतले लेखेको |
| ४८-०७५/२/७ | जे.वी.इन्टरप्राईजेज | | ३५४/०७५/१/३० | ८२७२००.०० | १०७५३६.०० | विजक हतले लेखेको |
| ४८-०७५/२/७ | जे.वी.इन्टरप्राईजेज | | ३५२०७५/१/३० | ४९०६१९.०० | ६३७८१.०० | विजक हतले लेखेको |
| | **जम्मा** | | | | **१२३९७७३.००** | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४०. | **मू.अ.कर दर्ता नभएको :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(ठ)(२) मा कुनै व्यक्तीले झुठा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा तथा दर्ता नभएको व्यक्तीले दर्ता भएको व्यक्ती सरह व्यवहार गरेमा कर बिगोको सतप्रतिशत रकम जरीवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिले कार्यसम्पन्न पश्चात पेश गरेको बिल वमोजिम काजल कन्स्ट्रक्सन प्रा.ली. (पान नं. ६०४३६४७२६) लाई रु. १५,६००।- मू.अ.कर समेत रु. १,२०,०००।- भुक्तानी गरेकोमा उक्त फर्म मू.अ. करमा दर्ता भएको देखिएन । मू.अ.करमा दर्ता नै नभएको फर्मले कर बिजक जारी गरी मू.अ.कर रकम भुक्तानी लिएको देखन्छ । निजले अन्य बिल जारी गरी अन्यत्रबाट समेत भुक्तानी लिएको हुनसक्ने देखिएकोले यस सम्बन्धमा कारबाहीको लागि आन्तरिक राजश्व कार्यालयलाई जानकारी गराई निजको कारोबार रकम यकिन गरी करको दायरामा ल्याउनुपर्ने देखिन्छ । साथै ऐनमा भएको व्यवस्था वमोजिम दर्ता नभएको व्यक्तीले बिजक जारी गरी मू.अ.कर वापत भुक्तानी लिएको रु. १५,६००।- र सतप्रतिशतले हुने जरीवाना रु. १५,६००।- समेत रु. ३१,२००।-असुल गर्नुपर्ने, रु. ........................................... | ३१२००/- |
| ४१. | **आर्थिक सहायता** - कार्यालयले यस पूँजीगतको बजेट कार्यक्रमबाट चालु प्रकृतिका आर्थिक सहयोग रकम खर्च लेखेको छ । कार्यालयले यस प्रकारको आर्थिक सहयोग दिने कार्यलाई निरुत्साहीत पार्दै लग्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । कार्यालयले निम्न भौ.नं. र मितिबाट आर्थिक सहयोग बापत निम्नानुसार खर्च लेखेको रु. ------------------ | ६५१००/- |

| भौ न र मिति | आर्थिक सहयोग रकम | बापत |
|---|---|---|
| १०/०७५/१/२० | १०१००.०० | धार्मिक कार्यक्रम |
| १४/०७५/१/२० | ५०००.०० | औषधि उपचार |
| ४४/०७५/२/४ | २५०००.०० | दलित सम्मेलन |
| १२२/०७५/३/१३ | १५०००.०० | धार्मिक कार्यक्रम |
| १२५/०७५/३/१३ | १००००.०० | राहत |
| **जम्मा:** | **६५१००.००** | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४२. | **ढुवानी भाडा** - आयकर ऐन, २०५८ अनुसार भाडामा १० प्रतिशत कर लाग्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराई खर्च लेखेकोमा निर्माण | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सामग्री ढुवानीमा १० प्रतिशत भाडा कर लाग्नेमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको हुँदा नपुग कर रकम असुल गर्नुपर्ने रु. ------------------------------------------------ | १७७६१४/- |

| भौ न र मिति | योजनाको नाम | ढुवानी गरेको रकम | नपुग कर रकम |
|---|---|---|---|
| ५५/०७५/२/१३ | बाटो ग्राभेल वडा नं ४ | ४०६७७७.०० | ३४५७६.०० |
| १२०/०७५/३/१० | बाटो ग्राभेल वडा नं ५ | २००००.०० | १७०००.०० |
| १९१/०७५/३/२८ | स्लाव ढलान वडा नं ५ | ३४७०००.०० | २९४९५.०० |
| १९२/०७५/३/२८ | ढलान कार्य | ५११५००.०० | ४३४७८.०० |
| १९४/०७५/३/२८ | सडक ढलान वडा नं २ | २३९०००.०० | २०३१५.०० |
| १९७/०७५/३/२९ | सडक ढलान वडा नं ७ | ३८६०००.०० | ३२८१०.०० |
| | **जम्मा:** | | **१७७६७४.००** |

| | | |
|---|---|---|
| ४३. | **मू.अ. कर सहितको लागत अनुमान तयार गरेको** - कार्यालयले लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको दररेटमा १३ प्रतिशत मू.अ. कर सहितको रकम समावेश गरी लागत अनुमान तया गरेको छ । कार्यालयले बिभिन्न निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गर्न सम्झौता गर्ने गरेकोमा उपभोक्ता समितिले निर्माण सामग्रीको खरिद बिल पेश गर्दा लागत अनुमानमा समावेस भएको मू.अ.कर भन्दा घटी रकमको मू. अ.कर बीजक पेश भएबाट उपभोक्तालाई बढी मू.अ. कर रकम भुक्तानी भएको देखिएको छ । उदाहरणको लागि इटाको जिल्ला दररेट रु.१३।- प्रतिगोटा र सोको १३ प्रतिशत मू.अ. कर रु.१।६९ सहित रु.१४।६९ का दरले लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग सम्झौता हुने तर उपभोक्ता समितिले इटा खरिद गरेको बिल प्रतिगोटा रु.८।- तथा १३ प्रतिशत मू.अ.कर १।०४ को मात्र बिल पेश गर्ने गरेबाट लागत अनुमान र वास्तविक खरिद बिलमा प्रतिगोटा इटा खरिदमा रु.५।६५ का दरले बढी भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा कार्यालयले नै आवश्यक छानबिन गरी बढी मू.अ.कर भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्दछ । | |
| ४४. | **सिलाई कटाई तालिम** - कार्यालयले वडा नं.४ मा १५ दिने सिलाई कटाई तालिम सञ्चालन गर्न सिलाई कटाई तालिम उपभोक्ता समितिका अध्यक्ष श्याम सुन्दर रायसंग मिति ०७५।२।१५ मा सम्झौता गरेको देखियो । सम्झौता अनुसार तालिमको अवधि २०७५।२।१५ देखि ३० गते जम्मा १५ दिनको हुने र उपभोक्ता समितिकोतर्फबाट रु.८,७०२।- तथा नगरपालिकाबाट रु.२,००,०००।- उपलव्ध गराउने सम्झौताको शर्तमा उल्लेख गरेको देखियो । कार्यसम्पन्न पश्चात उपभोक्ता समितिलाई रु.२ लाख भुक्तानी गरेकोमा निम्नानुसार व्यहोरा देखियो : | |
| ४४.१. | तालिम सञ्चालनमा खरिद गरेको बिल अनुसारको हेभी पृथ्वी TA-1, लोहा स्टोन मेशीन १ सेट रु.१३,५००।- तथा हेभी उषा ९१५ मेशिन लोहा स्टोन सेट ३ रु.४२,२००।- समेत रु.५५,७००।- को मेशिन तालिम समापन पश्चात कसैलाई वितरण गरेको नदेखिएकोले उक्त मेशिन नगरपालिका फिर्ता गरी जिन्सी आम्दानी बाँध्नुपर्ने रु.५५,७००।- | |
| ४४.२. | मिति २०७५।२।१५ देखि ३० गतेसम्म अवधिको तालिम सञ्चालन गर्न उपभोक्ता समितिसंग मिति २०७५।२।१५ मा सम्झौता गरेकोमा मिति २०७५।१।३० देखि २।३० सम्पन्न गरेको भनी प्रशिक्षक गंगा कुमारी यादवलाई प्रतिमहिना रु.२५,०००।- का दरले रु.७५,०००।- भुक्तानी गरेको देखिएकोले १५ दिनको रु.१२,५००।- बाहेक अन्य रकम असुल गरी दाखिला गर्नुपर्ने रु. ------------- | ६२५००.०० |
| ४४.३. | उपभोक्ता समिति मार्फत यस प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक ज्ञान तथा जनशक्ति समेत उपलव्ध नहुने हुनाले कार्यालयले यस प्रकारका कार्य उपभोक्ता समितिबाट सम्पन्न गराउने गरी सम्झौता गर्नु उपयुक्त होइन । अत: सीपमूलक कार्यक्रम सञ्चालन गर्न निश्चित सीप र विशेषता भएका परामर्शदाताबाट मात्र कार्य गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४५. | **उपभोक्ता समितिको म्याद थप** - कार्यालयले यस वर्ष उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्य गरेका अधिकांश योजनामा म्याद थप गरी कार्य सम्पन्न गरेको देखियो । कार्यालयले आर्थिक वर्षको अन्त्य समयमा आएर उपभोक्ता समितिसंग योजना सम्झौता गर्ने र हरेक योजनामा म्याद थप गर्ने परिपाटीले उपभोक्ता समितिलाई कार्यमा जिम्मेवार बनाउन तथा गुणस्तरीय कार्य सम्पन्न गर्न कठिन हुने देखिन्छ । उपभोक्ता समितिसंग सम्झौता गर्दा म्याद | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | थपको कुनै व्यवस्था नगरेको तथा कार्यसम्पन्न पश्चात खर्चको कागजात पेश भएपछि ढिला कार्यसम्पन्न भएकोले म्याद थप भन्ने व्यहोराको टिप्पणी उठाई म्याद थप गर्ने गरेको देखिएबाट उपभोक्ता समितिहरुलाई योजना सम्पन्न गर्ने कुरामा जिम्मेवार बनाउन नसकेको देखिन्छ । अत: कार्यालयले म्याद थपको कारबाहीलाई विशेष परिस्थितिमा मात्र मान्यता दिनेगरी समयमा कार्यसम्पन्न गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ । म्याद थप गरेका योजनाको केही उदाहरण निम्नानुसार छन् : | |

| योजना/उपभोक्ता समिति | लागत अनुमान | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने | म्याद थप |
|---|---|---|---|---|
| रिङरोड-साइकलदोकान ग्रावेल ढलान उ.स. वडा नं.६ | २७७७०८५.०० | २०७५/१/१६ | २०७५/२/३० | १५ दिन |
| मुसहर वस्तीको बाटो ढलान उ.स. वडा नं.८ | ११०००००.०० | ०७५/१/१९ | ०७५/२/७ | ३८ दिन |
| ब्रम्हस्थानको कम्पाउण्ड वाल, भुई ढलान उ.स.वडा नं.१ | ५५०६७९.०० | ०७५/२/१८ | ०७५/२/२८ | ३ दिन |
| सोनामाई आ.वि.को फर्निचर व्यवस्थापन वडा नं.८ | २७५०००.०० | ०७५/२/१५ | ०७५/२/३० | १५ दिन |
| मुईयास्थान पोखरियाघाट निर्माण उ.स. वडा नं.८ | १०९८६९१.०० | ०७५/२/७ | ०७५/२/३० | १५ दिन |
| PCC सडक निर्माण उ.स.वडा नं.२ | १०८२१४२.०० | ०७५/२/९ | ०७५/२/३० | १५ दिन |
| सडक ढलान कार्य उ.स.वडा नं.३ | ३३०००००.०० | ०७५/२/१५ | ०७५/२/३० | १५ दिन |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४६. | **संस्कृति जगेर्ना कार्यक्रम** - कार्यालयले नगरसभाबाट स्वीकृत संस्कृति प्रवर्द्धन तथा जगेर्ना, सरसफाई लगायतको कार्यको लागि वडा नं.८ का अध्यक्ष नवलकिशोर चौधरीलाई गो.भौ.नं.१७४(क) मिति २०७५।३।२६ मा रु.२,५०,०००।- रकम भुक्तानी गरेको देखियो । भौचरसंग संलग्न खर्चको बिल भरपाई परीक्षण गर्दा वडा अध्यक्षले मिति २०७५।३।२० मा संस्कृति जगेर्ना कार्यक्रम अन्तर्गत नाच, गान, बाजा दीपावलीमा सडकपोलमा बत्ती जडान, छठ पूजा समेत सम्पूर्ण कार्य सम्पन्न भएकोले भुक्तानीको लागि रकम मात्र गरेको निवेदन पेश गरेको देखिन्छ । स्रेस्तासंग मिति २०७५।३।२० मा सुरज इन्टरप्राइजेज, बर्दिवासबाट विजुली बत्ती, स्वीच लगायतका सामग्री खरिद तथा मिति २०७५।३।१८ को सोनु कंक्रिट उद्योगको शौचालय रीङ खरिद लगायतको बिल पेश गरेको देखियो । दीपावली तथा छठ विशेष कार्यक्रम सम्पन्न गरेको भनी वडा अध्यक्ष स्वयम्को मात्र निवेदन बमोजिम रकम भुक्तानी गरेकोमा आश्वीन/कार्तिक महिनामा उक्त पर्वहरु पर्ने हुनाले आषाढ महिनाको बिल भरपाई संलग्न गरी भुक्तानी लिएको देखिएबाट उक्त कार्य यकिन गर्न नसकिएको रु. -------------- | २५००००.०० |
| ४७. | **हरियाली कार्यक्रम** - कार्यालयले नगरसभा वा स्वीकृत विद्यालय र मन्दिर प्राङ्गणमा वृक्षारोपण गर्ने हरियाली कार्यक्रम अन्तर्गत नगरपालिकाले रु.१५,००,०००।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग रु.१६,५०,०००।- को सम्झौता गरेको देखियो । लागत अनुमान अनुसार १ विरुवा बराबर २ वटा बाँस प्रयोग हुने र कुल रु.१,२००।- विरुवा रोपण गर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले पेश गरेको नापी, मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनमा २२०० वटा बाँस तथा १२०० अशोक विरुवा खरिद गरेको देखिन्छ । स्रेस्तासंग संलग्न बिल भरपाई अनुसार उपभोक्ता समितिले २२०० वटा बाँस रु.२५०।- दरले खरिद गरेको देखिन्छ । यसरी हेर्दा लागत अनुमान बमोजिम २२०० बाँसको लागि ११०० मात्र विरुवा खरिद गर्नुपर्नेमा १२०० विरुवा रु.२००।- दरले खरिद गरी कार्यसम्पन्न तयार गरेको देखिएबाट वास्तविक रुपमा लाग्नेभन्दा १०० विरुवा बढी खरिद गरेको बिल पेश गरेको देखिएकोले १०० विरुवाको रु.२००।- दरले रु.२०,०००।- बढी खर्च असुल गर्ने रु. ----------------------------------- | २००००.०० |
| ४८. | **विद्यालयमा फर्निचर व्यवस्थापन** - नगरपालिकाले सोनामाई आ.वि.टिमकियामा फर्निचर व्यवस्थापन तथा मर्मत कार्यको लागि नगरपालिकाले रु.२,५०,०००।- व्यहोर्ने गरी उपभोक्ता समितिसांग रु.२,७५,०००।- को सम्झौता गरेकोमा उपभोक्ता समितिले रु.२,६०,००३।- को कार्यसम्पन्न पेश गरेकोमा कार्यालयले गो.भौ.नं.२१७ मिति ०७५।३।३१ मा रु.२,५०,०००।- भुक्तानी गरेको देखियो । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४८.१. | उपभोक्ता समितिले झ्यालको पल्ला, दराज, टेबुल, प्लाष्टिक कुर्सी लगायतको सामान रु.२,६०,००३।- मा खरिद गरेको बिल पेश गरेकोमा उक्त सामान विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु. ------------------------------------------------------------ | २६०००३.०० |
| ४८.२. | उपभोक्ता समितिसंग न.पा.ले.रु.२,५०,०००।- व्यहोर्ने गरी रु.२,७५,०००।- को सम्झौता गरेकोमा रु.२,६०,००३।- को मात्र कार्यसम्पन्न पेश गरेकोले अनुपातिक कट्टी गरी रु.२,३४,००३।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.२,५०,०००।- भुक्तानी गरेकोले बढी भुक्तानी रु.१५,९९७- असुल गर्ने रु. | १५९९७.०० |
| ४८.३. | विद्यालयको लागि फर्निचर व्यवस्थापन कार्य गर्न नगरपालिकाले विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिसंग समन्वय गरेको देखिएन । साथै नापी तथा कार्यसम्पन्न लगायतमा विद्यालयको छाप समेत नभएबाट विद्यालय प्रशासनको उपस्थिति कहीं कतै देखिँदैन । यस प्रकारका कार्य उपभोक्ता समितिबाट नगरी विद्यालय मार्फत नै गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४९. | **भुईयास्थान पोखरिया घाट निर्माण** - नगरपालिकाले भूईयास्थान पोखरिया घाट निर्माण कार्यको लागि नगरपालिकाको तर्फबाट रु.१०,००,०००।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग रु.१०,९८,६९१।२३ को सम्झौता गरे अनुसारको नापी तथा कार्यसम्पन्न पेश भएकोमा कार्यालयले सम्झौता अनुसारको रु.१०,००,०००।- भुक्तानी गरेको देखियो । उपभोक्ता समितिले पेश गरेको नापी, मूल्याङ्कन तथा कार्य सम्पन्न अनुसार उक्त निर्माण कार्यमा कुल २९,३०५ थान ईटा लागेको उल्लेख छ । उपभोक्ता समितिले खर्चको बिल भरपाई साथ शिवा फिक्स ईटा उद्योग, सर्लाहीको वीजक पेश गरेकोमा वीजक अनुसार ४०,००० इटा रु. १०।- का दरले रु.४,५२,०००।- मू.अ.कर समेत खपत भएको देखिन्छ । नापी किताबमा उल्लेख भएभन्दा १०,६९५ थान बढी ईटा खपतको सम्बन्धमा यकिन हुन सकिएन । बढी खरिद देखाएको ईटा नगरपालिकामा फिर्ता दाखिला गर्नुपर्ने देखिएको रु. ------------------------------ | ११७६४५.०० |
| ५०. | **जनचेतनामूलक कार्यक्रम** - कार्यालयले वडा नं.७ मा अपाङ्गको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन बापत गो.भौ.नं.२१९ बाट मिति २०७५।३।३१ मा सोनामाई डेभलपमेन्ट प्रोजेक्ट सेन्टरलाई रु.७०,०००।- भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ५०.१. | सेन्टरले प्रशिक्षक भत्ता बापत सुन्दर कला देवीलाई रु.२,०००।- दरले रु.६,०००।- भुक्तानी गरेकोमा नियमानुसार रु.१,५००।- दरले मात्र भुक्तानी गर्न मिल्ने देखिएकोले बढी भुक्तानी गरेको कर कट्टी पछिको रु.१,२७५।- असुल गर्ने रु. ------------------------------------- | १२७५.०० |
| ५०.२. | सेन्टरले सहजकर्ता आतेजाते बापत रामनागेन्द्र राउत समेत ६ जनालाई रु.५००।- दरले रु.३,०००।- खर्च लेखेकोमा नियमानुसार बढीमा २ जना मात्र सहजकर्ता राख्न सकिने भएकोले बढी खर्च रु.२,०००।- असुल गर्ने रु. ------------------------------------------------- | २०००.०० |
| ५०.३. | सेन्टरले संयोजक भत्ता बापत धमेन्द्र कुमार यादवलाई रु.२,०००।- दरले रु.६,०००।- भुक्तानी गरेकोमा नियमानुसार रु.६००।- दरले मात्र भुक्तानी गर्न मिल्ने देखिएकोले बढी भुक्तानी कर कट्टी पछिको रु.३,५७०।- असुल गर्ने रु. ------------------------------------- | ३५७०.०० |
| ५०.४. | सेन्टरले अग्रिम कर कट्टी बापत रु.२,४००।- कट्टा गरेकोमा सो रकम दाखिला गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु. -------------------------------------------- | २४००.०० |
| ५१. | **रीङ्ग एवं प्यानको खरिद र वितरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायहरुले खर्च गर्दा खर्चको स्रेस्तासाथ बिल भरपाई संलग्न हुनुपर्ने कुरा उल्लेख छ । कार्यालयले वडा नं.४ को वडा बजेट अन्तर्गत रीङ्ग एवं ट्वाइलेट प्यान खरिद गरी जनताहरुलाई वितरण गरेको भनी गो.भौ.नं.१६८ मिति ०७५।३।२५ बाट रु.१,५०,०००।- खर्च लेखेको पाइयो । कार्यालयले पेश गरेको ठाकुर ट्रेडर्स तथा टायल उद्योग, सर्लाहीको विलमा शौचालय प्यान खरिद नगरी २२५ वटा रीङ्ग मात्रै खरिद गरेको पाइएको एवं वितरण भरपाई समेत पेश गरेको पाइयो । यसरी ७५ वटा प्यान रु.३७,५००।- को खरिद गरी वितरण गरेको भनी खर्च दावी गरेकोमा सोको बिल एवं भरपाई पेश हुन आएन । अतः सो सामान खरिद गरेको एवं वितरण गरेको भन्ने पुष्ट्याई गर्ने आधार नदेखिएको उक्त रकमको प्रमाण पेश हुने अन्यथा असुल हुने रु. -------------------------------------------- | ३७५००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५२. | **अनुपातिक कट्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३)(क) मा सार्वजनिक निकायहरुले उपभोक्ता मार्फत कार्य गराउँदा उपभोक्ता समितिसंग निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि समेत खुलाई सम्झौता गर्नुपर्ने र उपभोक्ताहरुले सम्झौताको शर्त अनुसार कार्य गर्नुपर्ने उल्लेख छ । कार्यालयले कुल लागत अनुमान रु.३४,०८,१६३।२० रहेको राम विश्वासको घरदेखि चन्द्रेश्वरको घरसम्म जानेबाटो ढलान (१२२५ मी.) कार्यको लागि सो बाटोको ढलान उपभोक्ता समितिसंग मिति २०७५।१।१० मा सम्झौता गरेको पाइयो । सम्झौता अनुसार नगरपालिका अंश रु.३१,८१,१००।- (९०.९१ प्रतिशत) र उपभोक्ता अंश रु.३,१८,१००।- (९.०९ प्रतिशत) रहने उल्लेख रहेकोमा कार्यालयले उपभोक्ता समितिको कार्यम्पन्न निवेदन एवं प्राविधिक बिल रु.३२,८८,२९७।६४ को पेश भएकोमा सोको अनुपातिक रुपमा नगरपालिकाले रु.२९,८९,३९१।३८ बराबरको मात्रै भुक्तानी उपभोक्तालाई दिनुपर्नेमा गो.भौ.नं.१७४ मिति ०७५।३।२७ बाट रु.३०,९०,०७४।- बराबरको भुक्तानी दिएको पाइएकोले उक्त उपभोक्ता समितिलाई रु.१,००,६८२।६१ बढी भुक्तानी दिएको पाइयो । अतः उक्त बढी भुक्तानी गरी व्ययभार पारेको रकम उपभोक्ता समितिबाट असुल हुने रु. ------------------------------------------------------------ | १००६८२.६१ |
| | **वित्तीय समानिकरण अनुदान चालु तर्फः** | |
| ५३. | **वैठक भत्ता** - प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले बैठक भत्ताको व्यवस्था गरेको नदेखिएको अवस्थामा नगरपालिकाले विभिन्न भौ.नं. तथा मितिबाट रु.१४,५४,५००।- बैठक भत्ता वापत खर्च लेखेको देखियो । ऐन आउनुभन्दा पहिला नगरसभाले निर्णय गरेर भत्ता वितरण गरेको कार्यालयले जानकारी गराएता पनि ऐनको व्यवस्था विपरितको उक्त खर्च नियमसम्मत मान्न नसकिएको, रु. ------- | १४५४५००.०० |

| क्र.सं. | गो.भौ.नं. र मिति | वडा | रकम |
|---|---|---|---|
| १. | २७-०७४/९/२८ | कार्यपालिका बैठक | १८००००.०० |
| २. | १२७-०७५/२/४ | कार्यपालिका बैठक | १७८५००.०० |
| ३. | ८८-०७४/१२/२१ | ६ | ६३०००.०० |
| ४. | ११२-०७५/१/३० | ४ | ४२०००.०० |
| ५. | ११३-०७५/१/३० | ५ | ४२०००.०० |
| ६. | १२५-०७५/२/३० | २ | ८५०००.०० |
| ७. | १२५-०७५/२/३० | १ | ७२०००.०० |
| ८. | १५९-०७५/३/१८ | ४ | ७२०००.०० |
| ९. | १५९-०७५/३/१८ | ६ | ७२०००.०० |
| १०. | १६०-०७५/३/१८ | २ | ५४०००.०० |
| ११. | १७२-०७५/३/२१ | १ | ३६०००.०० |
| १२. | १७२-०७५/३/२१ | २ | १८०००.०० |
| १३. | १९१-०७५/३/२५ | ८ | १२६०००.०० |
| १४. | १९१-०७५/३/२५ | १७ | ६६०००.०० |
| १५. | १९१-०७५/३/२५ | ९ | १२६०००.०० |
| १६. | १९१-०७५/३/२५ | ३ | ११४०००.०० |
| १७. | २०५-०७५/३/२७ | ५ | १०८०००.०० |
| | | **जम्मा:** | **१४५४५००.००** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५४. | **भ्रमण स्वीकृतीः** कर्मचारीको भ्रमण स्वीकृत सम्बन्धित कार्यालय प्रमुखले गर्नुपर्ने व्यवस्था छ । यान्त्रिक व्यवस्थापन विभाग, पर्साको मेकानिकल इन्जिनियर, श्री संदिप अग्रवाललाई व्याकहो लोडर तथा ट्याक्टर खरिद सम्बन्धी छलफल गर्न भनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले भ्रमण स्वीकृत गरी भौ.नं.१७८ बाट अनुगमन भत्ता बापत रु.२०,४००।- भुक्तानी गरेको छ । एउटा निकायको कर्मचारीलाई अर्को निकायले भ्रमण आदेश स्वीकृत गर्ने व्यवस्था नभएकोमा नगरपालिकाले यान्त्रिक विभागको कर्मचारीलाई भ्रमण आदेश दिई खर्च लेखेको | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रकम नियमसम्मत् नदेखिएको रु. --------------------------------------- | २०४००.०० |
| ५५. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च गर्दा बिल भरपाई सहित रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले भौ.नं. ६३-२०७४/१२/४ बाट वडा नं.५ लाई विविध खर्च वापत रु.५०,९७०।- भुक्तानी गर्दा रु.४४,९७०।- को मात्र बिल भरपाई पेश भएकोले बिल भरपाई भन्दा बढी भुक्तानी रु. ६,०००।- असुल गर्नुपर्ने, रु. ………………………………………………………………………… | ६०००.०० |
| ५६. | **सल्लाहकार खर्च** - नगरपालिकामा दरबन्दिभित्र मात्र कर्मचारी करारमा पूर्ति गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले दरबन्दि बाहेक नगर प्रमुखको सल्लाहकार भनी हेमन्त कुमार यादवलाई नियुक्ति गरी भौ.नं.१५७ मिति २०७५।३।११ बाट रु.७०,५००।- तलब भुक्तानी गरेको छ । दरबन्दि नभएको पदमा नियुक्त गरी भुक्तानी गरेको नियमसम्मत् नदेखिएको रु. --- | ७०५००.०० |
| | **शसर्त अनुदान (स्वास्थ्य तर्फ)** | |
| ५७. | **तलबी प्रतिवेदन पारित नभएको** - स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क(५) मा स्वास्थ्य सेवा अन्तर्गत मन्त्रालय, विभाग र उपत्यकाको कार्यालयहरुले निजामती किताबखानाबाट र जिल्ला स्थित कार्यालयहरुका कर्मचारीहरुको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्रै तलब खुवाउनुपर्ने व्यवस्था छ । कार्यालयले ३ वटा स्वास्थ्य चौकीहरुको कर्मचारीहरुको तलब खर्च बापत यस आ.ब.मा रु.७४,०६,५२४।- खर्च गरेको छ । तर नियमानुसार तलबी प्रतिवेदन पारित गरी खर्च गरेको पाइएन । जसले गर्दा स्वास्थ्य चौकीहरुको वास्तविक दरबन्दी के कति हो र कस कसको ग्रेड सुविधा के कति हो यकिन हुन सक्ने अवस्था देखिएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्चा गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५८. | **बढी भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सार्वजनिक निकायहरुले खर्च गर्दा खर्चको स्रेस्तासाथ बिल भरपाई समेत संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं.९ मिति २०७४।१०।८ बाट तलब खर्च भनी विभिन्न १६ जनाको रु.६,०९,४४४।- खर्चा लेखेको पाइयो । सो खर्च रकममध्ये करार कर्मचारी शिवनन्दन यादवको नाममा मंसीर र पौषको तलब भुक्तानी भनी रु.४७,०००।- खर्च लेखेको पाइयो । निज कर्मचारीले मंसीरको तलब भुक्तानी गो.भौ.नं.२७ मिति ०७४।९।५ बाट पाइसकेकोमा पुनः रु.२३,५००।- खर्च लेखेको पाइयो । यसरी दोहोरो खर्च लेखेको रकम सम्बन्धितबाट असुल हुने रु. ----------------------------------------------------------- | २३५००.०० |
| | **शिक्षा तर्फ** | |
| ५९. | **बढी तलब भुक्तानी** - श्री जनता आधारभूत विद्यालय औरही न.पा.फुलवरीयाका प्रा.शि.श्री राज नन्दन शाह मिति २०७५।१।१२ बाट लागु हुने गरी बेतलबी विदा स्वीकृत गरी विदामा वसेको पाइयो । तर निज शिक्षकको काममा गो.भौ.नं.११ मिति २०७५।२।६ बाट चैत्र एवं बैशाख महिनाको पुरै अवधिको तलब विद्यालय खातामा निकासा दिएको पाइयो । जसले गर्दा निजको नाममा १९ दिनको हुने तलब रकम रु.१८,९८३।९० बढी निकासा दिएको पाइयो । अतः यसरी विद्यालय खातामा बढी निकासा दिएको रकम असुल हुने रु. ----------------------- | १८९८३.९० |
| ६०. | **पाठ्यपुस्तक अनुदान** - शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०७४।७५ अनुसार सम्बन्धित विद्यालयहरुबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सङ्कलन गरी सम्बन्धित वि.नि./स्रोत व्यक्तिहरुबाट प्रमाणित गराई आवश्यक पाठ्यपुस्तक यकिन गर्ने कुरा उल्लेख छ । साथै पाठ्यपुस्तक बापत रकम निकासा दिंदा पहिलो निकासा बापत ७५ प्रतिशत मात्रै विद्यालय खातामा निकासा दिने र बैशाखबाट शुरु हुने शैक्षिक शत्रको लागि विद्यार्थी भर्ना, पाठ्यपुस्तक खरिद र वितरण भरपाईको आधारमा मात्रै २५ प्रतिशत भुक्तानी दिने उल्लेख छ । तर कार्यालयले गो.भौ.नं.९-०७४।१२।१५ र १२-०७५।३।१५ बाट समेत गरी राम विलास यादव जनता मा.वि.लाई थप पाठ्यपुस्तक रकम खर्च लेखेकोमा विद्यालयले पेश गरेको | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | भरपाईभन्दा निम्नानुसारको रकम बढी निकासा दिएको पाइएकोले बढी निकासा असुल हुने रु. | २३९०४.०० |

| क्र.सं. | कक्षा | माग संख्या | भरपाई | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | १ | १३४ | १०३ | ३१ | २३८.०० | ७३७८.०० |
| २. | ७ | ९० | ७७ | १३ | ५०२.०० | ६५२६.०० |
| ३. | ९ | ८० | ७१ | ९ | ६००.०० | ५४००.०० |
| ४. | १० | ८० | ७२ | ८ | ६५७५.०० | ४६००.०० |
| | | | | | **जम्मा:** | **२३९०४.००** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| **६०.१.** | श्री जान्हवी आ.वि.लाई पाठ्यपुस्तक खरिद बापत गो.भौ.नं.९ मिति ०७४।१२।१५ बाट रु.३२,७९४।- र गो.भौ.नं.१२ मिति ०७५।३।१५ बाट रु.५६,०२०।- गरी जम्मा रु.८८,८१४।- निकासा विद्यालय खातामा दिएको पाइयो । विद्यालयले पुस्तक खरिद गरेको बिल भनी All in one पुस्तक ६० प्रति खरिद गरेको भनी रु.१५,०००।- खर्च दावी गरेको छ । तर सो पुस्तकको वितरण भरपाई पेश नभएको एवं कार्यक्रम निर्देशिका अनुसार खर्च दावी नपाउने उक्त रकम विद्यालयबाट असुल हुने रु. ----------------------------------------------- | १५०००.०० |
| **६१.** | **छात्रवृत्ति वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका ०७४।७५ अनुसार स्थानीय तहहरुले विद्यालयहरुको लक्षित विद्यार्थी संख्या यकिन गरी सोको आधारमा प्रतिविद्यार्थी तोकिए अनुरुपको दरमा छात्रवृत्ति रकम विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । यसरी निकासा दिइएको रकम विद्यालयले लक्षित विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरी भरपाई समेत लिनुपर्ने व्यवस्था छ । तर देहायका केही विद्यालयहरुले निकासा दिएको सबै रकम विद्यार्थीहरुलाई वितरण गरेको नपाइएकोले असुल हुने रु. ----------------------- | २४९००.० |

| क्र.सं. | विद्यालय | निकासा रकम | भरपाई पेश | बढी रकम |
|---|---|---|---|---|
| १. | रा.वि.यादव जनता मा.वि. | १९५३००.०० | १८४४००.०० | १०९००.०० |
| २. | मा.वि.वैरीया | १३७२००.०० | १२३२००.०० | १४०००.०० |
| | **जम्मा:** | | | **२४९००.००** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| **६२.** | **पेश्की सम्बन्धमा** - कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिल भरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख माग गर्दा आंशिक रुपमा प्राप्त भएको र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नामावली विद्युतीय अभिलेख (MIS) सिष्टममा समेत प्रविष्टि गर्ने नगरेको कारण ९ वटै वडामा के कति भत्ता पाउन योग्य लाभग्राही छन् भिडान गर्न सकिएन । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरणको लागि ३ वटासम्मका वडा कार्यालयका एक सचिवलाई एकमुष्ट पेश्की दिने गरेको देखियो । एकमुष्ट पेश्की दिने गरेको कारण कुन वडामा कति निकासा दिएको हो यकिन गर्न सकिएन । कार्यालयले दिएको विवरण अनुसार रु.७६,८००।- बाहेक अरु पेश्की छानबिन गरी यकिन गर्नुपर्ने देखिन्छ । | |
| **६३.** | कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिल भरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । भौ.नं.१३ मिति २०७४।११।२० बाट वडा नं.५ वडा सचिव श्री घनश्याम यादवले रु.३,७९,०००।- को पेश्की फछ्र्योट गर्दा कुनै पनि लाभग्राहीको नाम अभिलेखसंग भिडान हुन नसकेको रु. ----- | ३७९०००.०० |
| **६४.** | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद १(३)(च) मा जेष्ठ नागरिक भन्नाले अनुसूची-१ मा उल्लेख भएका दलित नागरिकका हकमा ६० वर्ष उमेर पूरा भएका एवंम् अन्य नागरिकका हकमा ७० वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई जनाउने उल्लेख छ । त्यस्तै परिच्छेद १(४)(ख) मा जन्मिएको साल र महिना खुलेको तर गते नखुलेको भए उल्लिखित महिनाको मसान्त र सालमात्र खुलेको भए सो सालको चैत्र मसान्तलाई आधार मानी जन्म मिति गणना गरिने उल्लेख छ । यस नगरपालिकाका निम्न वडा कार्यालयले उमेर नपुगेका र | १६००००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | दोहोरो पर्ने गरी निम्नानुसारका जेष्ठ नागरिकलाई भत्ता वितरण गरेको रकम असूल गर्नुपर्ने, रु. | |

| क्र.सं. | भौ.नं. र मिति | वडा नं. | लाभग्राहीको नाम | जन्म मिति | ७० वर्ष पुग्ने मिति | वितरण रकम | नपाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ९-०७४/९/९ | ५ | फुलतारण देवी | २००४/१२/२४ | २०७४/१२/२३ | ८०००.०० | ४०००.०० | |
| २. | ९-०७४/९/९ | ५ | सुरतीया देवी | २००४/१२/१४ | २०७४/१२/१३ | ८०००.०० | ४०००.०० | |
| ३. | ९-०७४/९/९ | ५ | हंसरीया देवी | २०१०/१०/१० | २०८०/१०/९ | ८०००.०० | ४०००.०० | |
| ४. | १३-०७४/११/२० | ५ | सोनी विन | - | - | ८०००.०० | ८०००.०० | दोहोरो |
| ५. | १६-०७४/११/२० | २ | निरसी देवी | २००४ साल | २०७४/१२/३० | ८०००.०० | ४०००.०० | |
| ६. | १६-०७४/११/२० | २ | विल्टु राय | २००४ साल | २०७४/१२/३० | ८०००.०० | ८०००.०० | दलितमा नपर्ने |
| ७. | २०-०७५/२/१५ | २ | सीतादेवी महतो | २००४/१०/१३ | २०७४/१०/१२ | ८०००.०० | ४०००.०० | दलितमा नपर्ने |
| ८. | २०-०७५/२/१५ | २ | कल्पीदेवी यादव | २००४/१०/२८ | २०७४/१०/२७ | ८०००.०० | ८०००.०० | दलितमा नपर्ने |
| ९. | २०-०७५/२/१५ | २ | जुलुम साफी | २००४/१०/२९ | २०७४/१०/२८ | ८०००.०० | ४०००.०० | |
| १०. | २८-०७५/३/२२ | ९ | सरस्वती देवी | २००५/६/९ | २०७५/६/८ | १६०००.०० | १६०००.०० | |
| ११. | २८-०७५/३/२२ | ९ | देवकी देवी | २००४ साल | २०७४/१२/३० | १६०००.०० | १६०००.०० | |
| १२. | २९-०७५/३/२२ | ५ | सुरतिया देवी | २००४/१२/१४ | २०७४/१२/१३ | १६०००.०० | ८०००.०० | |
| १३. | २९-०७५/३/२२ | ५ | रजिया देवी | २००४/१०/२९ | २०७४/१०/२८ | १६०००.०० | ८०००.०० | |
| १४. | ३०-०७५/३/२२ | ८ | कोशिला देवी | २००४/९/२३ | २०७४/९/२२ | १६०००.०० | ८०००.०० | |
| १५. | ३०-०७५/३/२२ | ८ | महाजन देवी | २००४/९/२४ | २०७४/९/२३ | १६०००.०० | ८०००.०० | |
| १६. | ३०-०७५/३/२२ | ८ | सुनैना देवी | २००४/९/२४ | २०७४/९/२३ | १६०००.०० | ८०००.०० | |
| १७. | ३९-०७५/३/३२ | ५ | रेशमा देवी | २००४/१२/७ | २०७४/१२/६ | १६०००.०० | ८०००.०० | |
| १८. | ४५-०७५/३/३२ | ३ | पवित्रिदेवी | २००४ साल | २०७४/१२/३० | ८०००.०० | ४०००.०० | प्रथम किस्ता |
| १९. | ४५-०७५/३/३२ | ३ | श्याम किशोर महरा | २००४/४/२६ | २०७४/४/२५ | ८०००.०० | ४०००.०० | प्रथम किस्ता |
| २०. | ४५-०७५/३/३२ | ३ | सुर्जीदेवी | २००४ साल | २०७४/१२/३० | ८०००.०० | ४०००.०० | ,, |
| २१. | ४५-०७५/३/३२ | ३ | प्रमेश ठाकुर | २००४/६/२२ | २०७४/६/२१ | ८०००.०० | ८०००.०० | दलितमा नपर्ने |
| २२. | ४५-०७५/३/३२ | ३ | मानकी देवी | २००४/१२/१२ | २०७४/१२/११ | ८०००.०० | ४०००.०० | |
| २३. | ४५-०७५/३/३२ | ३ | परमेश्वरी देवी | २००४/१०/२८ | २०७४/१०/२७ | ८०००.०० | ४०००.०० | |
| २४. | ४६-०७५/३/३२ | ९ | सरस्वती देवी | २००५/६/७ | २०७५/६/६ | ८०००.०० | ४०००.०० | |
| | | | जम्मा: | | | | १६००००.०० | |

**६५.** **बढी पेश्की फछ्र्यौटः** कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । वडा नं.७, ८ र ९ का सचिव श्री विकाउ यादवले भौ.नं.५२ मिति २०७५।३।३२ बाट रु.११,६९,२००।- को पेश्की फछ्र्यौट गर्दा रु. ११,३०,८००।-को मात्र बिल भरपाई प्रमाण कागजात पेश गरेको देखिएकोले बिल भरपाई बेगर पेश्की फछ्र्यौट गरेको रु. ३८,४००।- निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु. --------------------- ३८४००/-

**६६.** **प्रमाणः** भौ.नं.२७ मिति २०७५।३।२२ बाट वडा नं.७ लाई दोस्रो र तेस्रो चौमासिकको भरपाईको जोड जम्मा रु.८,५६,०००।- मात्र हुनेमा रु.९,२०,०००।- बैंक जम्मा गरेकोले बढी जम्मा भएको रु.६४,०००।- को प्रमाण पेश गर्ने, अन्यथा असुल गर्नुपर्ने रु. -- ६४०००/-

**६७.** भौ.नं.५० मिति २०७५।३।३२ बाट वडा नं.२ ले बालबालिकातर्फको रु.२,८३,२००।- को पेश्की फछ्र्यौट गर्दा एक दम्पत्तीका ३ सन्तानलाई रु.४,८००।- का दरले वितरण गरेकोले बढी वितरण गरेको १ जनाको रु.४,८००।- र जोड जम्मा फरक पारेको रु.५,२००।- गरी जम्मा रु.१०,०००।- असुल उपर गर्नुपर्ने रु. ----------------------------------- १००००/-

**६८.** **पेश्की बाँकीः** आर्थीक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिइएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले यस वर्ष भुक्तानी दिएको निम्नानुसारको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछ्र्यौट गराउनु पर्ने देखिएको, रु.............................. २३३५३००/-

| क्र.सं. | गो.भौ.नं./मिति | पेश्की लिनेको नाम | पेश्की रु. |
|---|---|---|---|
| | **वित्तीय समानिकरण अनुदान पूँजीगत** | | |
| १. | २०७५/०१/२० | कृषि विद्युत उपभोक्ता समिति वडा नं. ७ | ६०००.०० |
| २. | २०७५/०२/१० | अधुरो दलित ढलान उ.स. वडा नं. ९ | २७५०००.०० |
| ३. | २०७५/०२/१५ | धर्मशाला निर्माण उ.स. वडा नं. २ | ५०००००.०० |
| ४. | २०७५/०२/२८ | श्री हनुमान मन्दिर उ.स. वडा नं. १ | २५००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५. | २०७५/०२/२८ | महादेव मन्दिर पोखरी डिल मर्मत उ.स. वडा नं. ९ | १२५०००.०० |
| ६. | २०७५/०२/२५ | परिवार नियोजन उ.स. वडा नं. ८ | २५००००.०० |
| ७. | २०७५/०२/२७ | ३ कोठे भवन निर्माण उ.स. वडा नं. ३ | २७७५००.०० |
| ८. | २०७२/०२/२८ | महादेव मन्दिरको मर्मत सम्भार उ.स. वडा नं. ९ | २५००००.०० |
| ९. | २०७५/०२/३० | सामुदायिक स्वास्थ्य चौकी उ.स. वडा नं. २ | ७५०००.०० |
| १०. | २०७५/०२/२८ | सवरी कुटी निर्माण उ.स. वडा नं. ८ | ६२५००.०० |
| ११. | २०७५/०२/२९ | कल्भर्ट ह्यूमपाइप उ.स. वडा नं. २ | १८७५००.०० |
| | | **जम्मा** | **२२५८५००.००** |
| १२. | **सामाजिक सुरक्षा तर्फ:** २०७५/०३/२५ वडा नं. ३ र ५ सचिव राजाराम राउत | | ७६८००.०० |
| | | **कुल जम्मा** | **२३३५३००.००** |

**६९.** **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ। व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट कार्यालयको वित्तीय जवाफदेहिताको सतरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ।

**७०.** **वेरुजु फछ्र्यौट र सम्परीक्षण :** आर्थिक कार्याविधि ऐन, २०५५ को दफा १८ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरी फछ्र्यौटको प्रमाण सहित दफा १९ बमोजिम सम्परीक्षणको लागि अनुरोध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण डोर समक्ष रु.२४,५५,०००।- बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध गरेकोमा पेश भएको प्रमाण कागजात परीक्षणको आधारमा निम्नानुसारको रु.१५,५५,०००।- बेरुजू सम्परीक्षण गरिएको छ । सोको लगत कट्टा गरी सम्परीक्षणको जानकारी पछि पठाइने छ।

| बेरुजू दफा | मिति | पेश्की विवरण | रकम |
|---|---|---|---|
| पूँजीगत तथा सञ्चालन अनुदान र आन्तरिक आय | | | |
| १० | २०७४/३/९ | वडा सचिव संजिव कुमार साह | १५५५०००.०० |

**७१.** **बेरुजू :-** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असूल गर्नुपर्ने बेरुजू रु. २५ लाख ७१ हजार, अनियमित बेरुजू रु. ८३ लाख २८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. २ करोड २६ लाख ८९ हजार र पेश्की बाँकी देखिएको रु. २३ लाख ७३ हजार समेत रु. ३ करोड ५९ लाख ६१ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया/समायोजन बाट रु. २ करोड ६६ लाख ४० हजार फछ्र्यौट भई रु. ९३ लाख २१ हजार बेरुजू कायम भएको छ।

**७२.** **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२)(घ) वमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| **२०१०५०००.००** | **१५५५०००.००** | **१८५५००००.००** |

**७३.** **अद्यावधिक वेरुजू स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C) | यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D) | यो वर्षको कायम वेरुजू (रु) (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| **१८५५००००.००** | **०** | **९३२०९३१.२१** | **२७८७०९३१.२१** |

उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू असुल फछ्र्यौट गरिनुपर्दछ।

**अनुसूची– १**

**औरही नगरपालिका**
**बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**
**२०७४।७५**

**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| महोत्तरी | औरही नगरपालिका | ४० | ५३ | ३५९६१ | ० | २२ | २६६४० | ४० | ३१ | ९३२१ | २४१६ | १९३४ | २६३६ | ० | ० | ६९८६ | ७६ | २२५९ | २३३५ |

**अनुसूची- २**

**स्थानीय तह सञ्चित कोष विवरण**
**२०७४।७५**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | औरही नगरपालिका | महोत्तरी | **६४८४** | १७५०२९ | ११८७९५ | ५७५७ | **२९९५८१** | १०६४८७ | ११७८१२ | १५३३७ | **२३९६३६** | ६६४२९ |